# अन्नपूर्ण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
पोखरेबगार, म्याग्दी

सम्पर्क नं ९८५७६८३८१०
Email: ito.annamun@gmail.com
Web:annapurnamunmyagdi.gov.np

गण्डकी प्रदेश, नेपाल

प.सः २०८१/०८२
च.नः- ९५९

मितिः २०८१/११/०८

(छाप: अन्नपूर्ण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पोखरेबगार, म्याग्दी गण्डकी प्रदेश, नेपाल, २०७३)

## आ.व २०८२/०८३ मा न्यूनतम् रोजगारीमा संलग्न हुनको लागि निवेदन पेस गर्ने सम्वन्धी सूचना !!!

प्रत्येक नेपाली नागरिकलाई रोजगारीको हक प्रत्याभूति गराउन तोकिएको मापदण्ड पूरा गरेका नेपाली नागरीकले रोजगारिको हक सम्बन्धी नियमावली २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम निर्देशिका २०७५ (दोस्रो संसोधन,२०७८ सहित)को दफा १८ बमोजिम आगामी आ.व २०८२/०८३ मा रोजगार सेवा केन्द्र, अन्नपूर्ण गाउँपालिका ,म्याग्दीको समन्वयमा प्रदान गरिने न्यूनतम १०० दिनको रोजगारीमा संलग्न हुन ईच्छुक, सामाजिक तथा आर्थिक अवसरबाट बन्चित महिला, आदिबासी जनजाती, दलित, सिमान्तकृत समुदाय तथा विपन्न वर्गका १८ देखि ५९ वर्ष उमेर समुहका बेरोजगार ब्यक्तिहरुले २०८२ फाल्गुन मसान्त भित्रमा आफू स्थायी बसोबास गरेको स्थानीय तहको सम्वन्धित वडा कार्यालयमा बेरोजगार फारम भरी बेरोजगार व्यक्तिको सूचिमा सूचिकृत हुन तपसिल बमोजिम आवश्यक कागजातहरु सहित निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।निवेदनको ढाँचा सम्वन्धित वडा कार्यालय, रोजगार सेवा केन्द्र, अन्नपूर्ण गाउँपालिकाको वेवसाईट www.annapurnamunmyagdi.gov.np तथा प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाईट www.pmep.gov.np बाट निःशुल्क प्राप्त गर्न सकिने छ।

<u>तपसिल</u>

१)सम्वन्धित ब्यक्तिको हालसालै खिचेको पासपोर्ट साईजको फोटो र नागरिकताको प्रतिलिपि १/१ प्रति।)

२)एक आर्थिक वर्षमा न्यूनतम १०० दिनको रोजगारीमा संलग्न नभएको हुनुपर्ने,

३) परिवारका सम्पूर्ण सदस्यहरुको पारिवारीक विवरण( सदस्यहरुको जन्म मिति, नागरिकता नं र जारी मिति,शैक्षिक योग्यता, सिपको विवरण, रोजगारीको अवस्था र सामाजिक सुरक्षा भत्ता बुझे /नबुझेको बिवरण)।

४)आवश्यकता अनुसार विवाह दर्ता तथा बसाइसराइ प्रमाणपत्रको प्रतिलिपि।

५)निवेदकको सम्पर्क नं, तथा वैंक खाताको विवरण ।

६)एकै परिवारका दुई वा सो भन्दा बढी निवेदक भएमा छुट्टा-छुट्टै निवेदन फारम भरिएको हुनुपर्ने।

७)गत आर्थिक वर्षमा निवेदन दिएका ब्यक्तिहरुले पुनः रितपुर्वक निवेदन दिनुपर्नेछ।

माथि उल्लेखित आवश्यक कागजात सहितको विवरण अपूर्ण भएमा र वडा कार्यालयबाट प्रमाणित नभएका निवेदन स्वीकृत गरिने छैन। थप जानकारीका लागि रोजगार सेवा केन्द्रमा सम्पर्क गर्न सकिनेछ। मो.नं ९८४७६४२१००/९८४६९४८४१३

बोधार्थः

- श्री वडा कार्यालयहरु सबै (१-८) सूचना प्रचारप्रसार तथा आवेदन संकलन गरिदिनुहुन।
- श्री सूचना प्रविधि शाखा, वेवसाइट तथा फेसबुक पेजमा अपलोड गरिदिनुहुन ।

(हस्ताक्षर)
रामप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत